श्री

उच्च अदालत पाटन

एक न्यायाधीशको इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री दिपेन्द्र बहादुर बम

आदेश

मुद्दा नं. ०७९-WO-०३२२

मुद्दाः- निषेधाज्ञा ।

प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को अ.प्रा. भोला विक्रम थापा समेत ..............................निवेदक

विरुद्ध

काठमाडौं महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बागदरवार, काठमाडौं समेत..........विपक्षी

निवेदन सहित मिसिल अध्ययन गरि निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद भण्डारी, श्री उपेन्द्र केशरी न्यौपाने, श्री बाबुराम कुवँर र श्री रमेश बडाल तथा विद्वान अधिवक्ताहरु श्री ललित बस्नेत, श्री रामचन्द्र न्यौपाने र श्री मुक्तीनाथ आचार्यले गर्नुभएको बहस समेत सुनियो।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ?माग बमोजिमको आदेश जारी हुन नपर्ने कुनै आधार, कारण र प्रमाण भए सो समेत उल्लेख गरी सूचना म्याद प्राप्त भएको मितिले बाटाका म्याद बाहेक १५ दिन भित्र आफै वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेश गर्नु भनी प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि समेत साथै राखी विपक्षीहरुका नाउँमा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि व्यतित भएपछि नियमानुसार पेश गर्नु होला।

साथै निवेदकले अन्तरिम आदेश समेत माग गरेतर्फ विचार गर्दा, निवेदनपत्रमा उठाइएका विषयवस्तुका बारेमा विपक्षीहरुलाई समेत छलफल गराई अन्तरिम आदेश हुने वा नहुने सम्बन्धमा निर्णय गर्न उपयुक्त हुने देखिएकोले सो प्रयोजनको लागि मिति २०७९।०६।०५ को पेशी तारेख तोकी सोको सूचना विपक्षीहरुलाई दिनु।साथै, सो अवधि सम्मको लागि निवेदक मध्ये का.जि.का.म.न.पा. वडा नं. ७ कित्ता नं. ७ को क्षेत्रफल ०-९-१-१.६ को जग्गा जे-नेक्स इन्भेष्टमेन्ट प्रा.लि. को नाममा, ऐ. कि.नं. ३०३८ क्षेत्रफल ०-५-२-० को जग्गा उत्तरमान लामाको नाममा र ऐ. कि.नं. ३०३९ को ०-५-२-० जग्गा निवेदक मध्येका प्रेसिडेण्ड ट्राभल्स एण्ड टुर्स प्रा.लि. को नाममा दर्ता रही उल्लेखित जग्गाहरु मध्ये कि.नं. ७ मा मिति २०६८।०२।२० मा घरजग्गा नै खरिद गरी भोगचलन गरी आएको भन्ने देखिएको र कि.नं. ३०३८ र ३०३९ को जग्गा निवेदकहरुले मिति २०५३ सालमा खरिद गरी काठमाडौं महानगरपालिकाबाट मिति २०५४।१।११ मा भवन निर्माण इजाजतपत्र प्राप्त गरी घर निर्माण गरेको र कि.नं. ३०३८ को जग्गामा बनेको घर निर्माण सम्पन्न भई प्रमाणपत्र समेत लिई सकेको भन्ने निवेदन

व्यहोराबाट देखिएको हुँदा निज निवेदकहरुको माथि उल्लिखित जग्गामा बनेको घर कानूनबमोजिम रित नपुर्‍याई वा उचित क्षतिपूर्ति नदिई भत्काउने कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुका नाममा अल्पकालिन अन्तरिम आदेश जारी गरीदिएको छ। सोको जानकारी विपक्षीहरुलाई दिई नियमानुसार गर्नु।

न्यायाधीश

ईति सम्वत् २०७९ साल असोज महिना २ गते रोज १ शुभम्.........................................................................।